अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्या : ०४ मिति : २०८२।०८।०२

**भाग-२**

## अन्नपूर्ण गाउँपालिका

**पशुपन्छी विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**

# पशुपन्छी विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।०५।०८**

**प्रस्तावना**

अन्नपूर्ण गाउँपालिकाको भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन हुने गरी पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन र उत्पादकत्वको वृद्धि मार्फत आत्मनिर्भरता हासिल गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको साथै पशुपन्छीजन्य महामारी रोगको प्रभावकारी नियन्त्रण गर्ने उद्देश्यले मानव स्वास्थ्य समेतलाई ख्यालमा राखी पशुपन्छी तथा मत्स्य क्षेत्रका अनुदानका कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी सञ्चालन, अनुमानयोग्य र अपेक्षित प्रतिफलमुखी बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम अन्नपूर्ण गाउँपालिकाको मिति २०८२।०५।०८ गते बसेको कार्यपालिका बैठकले "पशुपन्छी विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" स्वीकृत गरी लागु गरिएकोछ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "पशुपन्छी विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

(ग) यो कार्यविधि अन्नपूर्ण गाउँपालिका, म्याग्दी भर लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, म्याग्दीलाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले अन्नपूर्ण गाउँपालिकाको पशुपन्छी विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ लाई सम्झिनु पर्छ।

(ग) "कृषि एम्बुलेन्स" भन्नाले अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गर्ने कृषि उपज तथा पशुपन्छीजन्य उत्पादन ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्छ।

(घ) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको लागि स्थानीय तहबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(ङ) "अनुदानग्राही/लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम संचालनका लागि छनौट भएका निजी कृषक/फर्म/पशुपन्छी उद्यमी/व्यवसायी कृषक समुह/सहकारी/उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(च) "कृषक समुह वा समिति" भन्नाले स्थानीय तह वा अन्य सम्बन्धित कार्यालयमा प्रचलित कानून बमोजिम दर्ता भएका पशु, पन्छी वा मत्स्यपालक वा एकिकृत कृषक समूह/समिति सम्झनु पर्छ।

(छ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, मत्स्य वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्थालाई सम्झनु पर्दछ।

(ज) "फर्म" भन्नाले कृषि, पशुपालन, मत्स्यपालन वा सो सँग सम्बन्धित व्यवसाय गर्ने उद्देश्यले प्रचलित कानून अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(झ) "कृषक" भन्नाले अन्नपूर्ण गाउँपालिका भित्रका कम्तिमा बिगत १ (एक) बर्ष देखि हालसम्म निरन्तर पशुपन्छी तथा मत्स्यपालन गर्दै आएका व्यवसायिक वा निजी फर्म दर्ता गरेका र नगरेका कृषक दुवैलाई सम्झनु पर्छ ।

(ञ) "साझेदारी/लागत साझेदारी/सहकार्य" भन्नाले कार्यक्रम सञ्चालनार्थ गरिने द्विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्ष (अनुदानग्राही) को वित्तीय दायित्वलाई जनाउँछ ।

(ट) "कार्यालय" भन्नाले अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ठ) "शाखा" भन्नाले अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको पशु सेवा शाखालाई सम्झनु पर्छ।

(ड) "पशु" भन्नाले घरपालुवा पशु, पंक्षी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(ढ) "माउ" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा, बाख्रा, सुंगुर, बंगुरको कम्तिमा १ बेत ब्याईसकेको वा भाले लागेको पोथी पशुलाई सम्झिनु पर्दछ ।

(ण) "पशुपन्छीजन्य उत्पादन" भन्नाले दुध, फुल (अण्डा), माछा, मासु, ऊन, पश्मिना, हाड, छाला र यिनीहरुबाट बनेको प्रशोधित वा अप्रशोधित चिज वा बस्तुलाई सम्झनु पर्छ ।

(त) "पशु आहारा" भन्नाले पशुपन्छीले खाने, पिउने, उपभोग गर्ने चिज, बस्तु वा सो बनाउनमा प्रयोग हुने प्रशोधित वा अप्रशोधित कच्चा सामग्री, हरियो घाँसपात वा सो बाट बनेको चिज, बस्तुलाई सम्झनु पर्छ ।

(थ) "बीमा" भन्नाले कृषि, पशुपन्छी तथा जडिबुटी बीमालाई सम्झनु पर्छ र सो शब्दले मानव स्वास्थ्य बीमा समेतलाई बुझ्नुपर्छ ।

(द) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १२ मा उल्लेख भए बमोजिमको समितिलाई सम्झनु पर्छ ।

३. **<u>उद्देश्यः</u>** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पशुपन्छीका क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु पशुपन्छी तथा मत्स्य पालन, नश्ल सुधार, सो का लागि आवश्यक सामग्री, औजार, उपकरण तथा बीउ विजन खरिद, वितरण, पशुपन्छी पालनका लागि पूर्वाधार निर्माण/सुधार लगाएतका कार्यहरु एवम् पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन बजार प्रवर्द्धन जस्ता कार्यहरु सञ्चालन र व्यवस्थापनको लागि आवश्यक प्रविधि वा वस्तुमा अनुदान प्रदान गरी कृषकलाई प्रोत्साहित गर्ने र सहजीकरण गर्ने ।

(ख) प्रविधि हस्तान्तरण मार्फत पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि, कृषकलाई आत्मनिर्भर, उत्पादनमुखी, बजारमुखी, प्रतिस्पर्धी बनाई पशुपन्छी क्षेत्रलाई व्यवसायिकीकरण गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने साथै कृषकहरुको आय स्तरमा सुधार गर्ने।

(ग) अन्नपूर्ण गाउँपालिकाको गाउँ सभाबाट पारित पशुपन्छी तथा मत्स्य क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम अनुसारका कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता, पारदर्शिता र एकरुपता कायम गरी गाउँपालिका भित्रका युवा जनशक्तिहरुलाई पशुपन्छी पालन तथा उत्पादन तर्फ आकर्षित गरी रोजगारीका अवसर सृजना गर्ने।

(घ) पशुपन्छीबाट मानिसमा र मानिसबाट पशुपन्छीमा सर्ने जुनोटिक प्रकृतिका रोगहरुबारे जनचेतना फैलाई पशुपन्छीका साथै मानव स्वास्थ्यमा टेवा पुर्याउने।

(ङ) पशुपन्छी पालनमा हुन सक्ने आर्थिक जोखिमलाई न्यूनीकरण गर्न पशुपन्छी क्षेत्र तर्फको बीमामा टेवा पुग्ने, जसबाट कृषकहरुको पूँजी सुरक्षित हुने र स्वस्थ्य, प्रतिस्पर्धात्मक पशुपालन व्यवसायको माध्यमले समृद्ध समाज निर्माणमा टेवा पुग्ने।

४. **<u>सरोकारवाला निकायहरुको भूमिका:</u>** कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको भूमिका देहाय बमोजिमको हुनेछ:

(क) <u>स्थानीय तहको भूमिका :-</u>

- साझेदारीमा विनियोजित कार्यक्रमको हकमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्नुपर्ने।

- पशुपन्छी सम्बन्धी कार्यक्रम सञ्चालनको लागि प्राविधिक आवश्यक परेको खण्डमा प्राविधिक कर्मचारीको व्यवस्था र व्यवस्थापन गर्ने ।
- समय समयमा कार्यक्रम तथा कार्यक्रम संचालित फर्महरुको निरीक्षण, अनुगमन, पृष्ठपोषण गर्ने तथा समस्या समाधान गर्ने र गर्न कृषकलाई सहजीकरण गर्ने।

(ख) कार्यालयको भूमिकाः -

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/सूचकहरुको आधारमा प्रस्तावहरुको अनुगमन, मूल्याङ्कन तथा छनौट गर्ने ।
- कार्यक्रम कार्यान्वयनको अवस्थामा र सम्पन्न पश्चात् आवश्यक अनुगमन गरी सम्पन्नताको आधारमा भुक्तानी गर्ने ।
- सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको निरीक्षण, अनुगमन गर्ने, गराउने ।
- प्रचलित कानून बमोजिम खर्च गर्ने, गराउने, लेखा राख्ने, राख्न लगाउने ।
- प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने अन्य विषय पालन गर्ने, गराउने ।
- अनुदानको हिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्ने ।
- कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले नियमित निरीक्षण, अनुगमन गर्ने।

(ग) अनुदानग्राहीको भूमिकाः -

- यस कार्यविधिको अधिनमा रहि कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।
- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्यसम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समय सीमा भित्रै पेश गर्नुपर्ने ।
- जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान रकम वा सामग्रीको प्रयोग गर्नु पर्ने ।
- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने ।
- अनुदानग्राहीका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने।
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत वृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राही स्वयमको हुनेछ।

(घ) सम्बन्धित वडा कार्यालयको भूमिकाः -

- कार्यक्रम प्रभावकारीताका लागि आवश्यक सहजीकरण गर्ने ।
- वडाको सिफारिस आवश्यक पर्ने भए आवश्यक व्यवस्था मिलाउने ।
- कार्यक्रम सम्बन्धी आवेदन वडामा दर्ता हुने भए दर्ता गरी गाउँपालिकामा पठाउने ।
- कार्यक्रमहरुको अनुगमन निरीक्षण गर्ने, गराउने।

## परिच्छेद-२

## कार्यक्रम व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**५. लक्षित वर्ग र क्षेत्र :-**

(१) गाउँपालिकाले कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा कार्यक्रममा समेटिने कृषक, समुह, समिति, सहकारी, संस्था, फर्म, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) कार्यक्रममै स्थान तोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**६. कार्यक्रम सञ्चालन प्रक्रिया :-**

(१) गाउँपालिकाको वार्षिक विनियोजन अनुसार पशुपन्छी सम्बन्धी अनुदान वा प्रोत्साहन प्रदान गरिने कार्यक्रम सञ्चालन गर्नका लागि समय परिस्थिती अनुसार ७ दिन देखि ३५ दिनसम्मको म्याद दिई *अनुसूची-१* बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव/कार्ययोजना माग गर्नुपर्नेछ तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका र नियमित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरु आवश्यक विधिबाट वा सिधै छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) यस कार्यविधिको *परिच्छेद-३* मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरुले कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन् ।

(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले *अनुसूची-२* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची-३* बमोजिमको निवेदन र *अनुसूची-४* बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी निर्धारित समयसीमा भित्र कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा प्रस्ताव/कार्ययोजना दर्ता गराउनु पर्नेछ। यसरी पेश हुने कागजातहरु स्पष्ट देखिने साथै प्रष्ट बुझिने हुनुपर्छ र सो कुराको विशेष ध्यान सम्बन्धित दर्ता हुने कार्यालय वा वडा कार्यालयले दिनु पर्नेछ ।

(४) निर्धारित समय सीमा भित्र पेश हुन नआएका प्रस्ताव/कार्ययोजना/आवेदन स्वतः रुपमा खारेज हुनेछ । साथै स्पष्ट नदेखिने र प्रष्ट नबुझिने कागजातहरु पेश भएमा कार्यालयले त्यस्ता प्रस्ताव/ कार्ययोजना/आवेदन दर्ता गर्न बाध्य हुने छैन ।

(५) छनौट तथा मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव/कार्ययोजनाको हकमा प्राप्त प्रस्ताव/कार्ययोजनाहरु कार्यालयले सङ्कलन गरी आर्थिक विकास समिति समक्ष अध्ययनका लागि पेश गर्नुपर्नेछ ।

(६) आर्थिक विकास समितिले प्रस्तावहरु अध्ययन गरी सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत अनुगमन तथा मूल्याङ्कनको लागि छनौट गरी दफा १२ बमोजिमका सुपरिवेक्षण तथा अनुगमन समितिलाई स्थलगत अनुगमनका लागि सिफारिस गर्नेछ ।

(७) सुपरिवेक्षण तथा अनुगमन समितिले प्रस्ताव/कार्ययोजना छनौट पूर्व स्थलगत अनुगमन गर्नुपर्ने, *अनुसूची-६* बमोजिमको मूल्याङ्कन र प्राथमिकिकरण गरी स्वीकृत तथा छनौटका लागि गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(८) स्वीकृत वा छनौट भएका प्रस्तावहरुका आवेदकहरुसँग कार्यालयले *अनुसूची-५* बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यदिश दिई कार्यक्रम सञ्चालन गर्नेछ ।

(९) माथि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वा छनौट भई सके पश्चात जुनसुकै माध्यमबाट त्यस्ता प्रस्ताव वा आवेदनहरु कार्यक्रममा समावेश हुन अयोग्य भएको सूचना प्राप्त भएमा पुनः सुपरिवेक्षण तथा अनुगमन समितिले स्थलगत अनुगमन र सही सत्य तथ्य जाँचबुझ गरी छनौट लिष्टबाट हटाउनु पर्ने भएमा निर्णयका लागि पुनः कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न सक्नेछ ।

**७. <u>प्रदान गरिने सहुलियत र अनुदान :-</u>**

(१) पशुपन्छी क्षेत्र तर्फ बिनियोजित बजेटबाट यस कार्यविधिको *परिच्छेद-३* मा उल्लेखित विभिन्न कार्यक्रमको उद्देश्य, लक्ष्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यता बमोजिमका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्य सञ्चालन गर्दा कार्यालयले अनुदान उपलब्ध गराउन सक्नेछ । कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद, वस्तु वा दुवै प्रकृतिको हुन सक्नेछ।

(२) कार्यालयले प्रचलित सङ्घीय, प्रादेशिक र स्थानीय कानूनहरुको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित बजेटको खर्च गर्नुपर्नेछ ।

**८. <u>सुविधा वा अनुदानको सीमा :-</u>** गाउँपालिकाले विनियोजित कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकम सीमा देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाले सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य सेवा प्रवाह, नश्ल सुधार, औषधोपचार तथा प्राविधिक क्षमता विकास जस्ता सञ्चालन हुने कार्यक्रमको हकमा शतप्रतिशत हुनेछ ।

(ख) प्रविधि प्रसार तथा तालिम, गोष्ठी, अभिमुखिकरण जस्ता सञ्चालन हुने कार्यक्रमको हकमा शतप्रतिशत हुनेछ ।

(ग) पशु आहारा सम्बन्धी बिउ विजन वितरण जस्ता सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम ८५ प्रतिशतसम्म हुनेछ ।

(घ) निजी वा व्यवसायिक प्रयोजनका पशुपन्छीपालन तथा मत्स्य विकासका साथै पशुपन्छीजन्य उत्पादनको बजारीकरणका लागि भौतिक संरचना, पूर्वाधारहरु निर्माण/सुधार र अन्य आवश्यक सामग्रीहरु वितरण जस्ता सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम ५० प्रतिशतसम्म हुनेछ ।

## <u>परिच्छेद-३</u>

## <u>कार्यक्रम र प्राविधिक पक्ष</u>

**९. <u>गाउँपालिकाले सञ्चालन गर्ने वा मार्फत सञ्चालन हुने कार्यक्रमहरु :-</u>** गाउँपालिकाले सञ्चालन गर्ने वा मार्फत सञ्चालन हुने कार्यक्रमहरुलाई ५ (पाँच) वर्गमा विभाजन गरिएको छ।

(१.) सेवामूलक वा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम

(२.) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम

(३.) पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम

(४.) बजारीकरण कार्यक्रम

(५.) प्रोत्साहन कार्यक्रम

## ९.१ सेवामूलक वा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम

### ९.१.१ पशु स्वास्थ्य चेकजाँच तथा भाले कुकुर बन्ध्याकरण घरदैलो कार्यक्रम :-

(१) पशुपन्छीमा देखापर्ने विभिन्न सङ्क्रामक रोगहरुको आउटब्रेक अन्वेषण तथा सिजनल रुपमा देखिने रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न र पशु स्वास्थ्य चेकजाँच घरदैलो र भाले कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -५००) ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) प्रत्येक कृषकको घर, गोठमा गई पशुको स्वास्थ्य चेकजाँच गर्ने र आवश्यकतानुसारको प्राविधिक परामर्श दिने ।

(ख) बन्ध्याकरण गर्दा कुकुरको विवरण सङ्कलन, आवश्यक औजार, सामग्री खरिद, अन्य खर्च व्यवस्थापन गर्न सकिनेछ ।

(ग) पशु स्वास्थ्य चेकजाँच तथा कुकुर बन्ध्याकरण कार्यक्रमका लागि आवश्यक सामग्री, उपकरण तथा सुरक्षात्मक सामग्री खरिद गर्न सक्नेछ र सोहि कार्यक्रमका संचालनका लागि अन्य खर्च व्यस्थापन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नु पूर्व वडाका कार्ययोजना तयार पारी सम्बन्धित वडाका प्राविधिकलाई पूर्व कार्ययोजना सहित फिल्डमा खटाउनेछ र सोको नियमन, अनुगमन वडा कार्यालय, गाउँपालिकाले गर्नेछ । तर कुकुर बन्ध्याकरणको लागि विज्ञ र प्राविधिक सहितको टोली वा आवश्यकतानुसार पूर्व कार्य योजना सहित खटाउन सकिनेछ ।

### ९.१.२ पशु पन्छीमा आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण घरदैलो कार्यक्रम :-

(१) पशुपन्छीमा परजीवीका कारण हुने समस्याको न्यूनीकरण गर्दै परजीवीजन्य रोगहरुको उपचार, सो को रोकथाम तथा नियन्त्रण गरी पशुहरुलाई परजीवीमुक्त पार्न भेंडा बाख्रापालक कृषकहरुलाई परजीवी विरुद्ध बिषादी तथा औषधी वितरण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -१५००) ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क)भेंडा तथा बाख्राहरुमा पशु संख्याको आधारमा डिपिङ गर्न बाह्य परजीवी विरुद्धको औषधी/बिषादी खरिद र वितरण गर्ने।

(ख) आन्तरिक परजीवी र बाह्य परजीवी विरुद्धको प्रभाव देखाउने औषधी पाईएमा सो खरिद, वितरण तथा सोही कार्यक्रम संचालनका लागि अन्य खर्च व्यवस्थापन ।

९.१.३ <u>पशुपन्छी तथा मत्स्यका लागि औषधी तथा औषधीजन्य सामग्री खरिद, निःशुल्क वितरण :-</u>

(१) पशुपन्छीहरुमा देखा पर्ने रोग र रोग कारक तत्वहरुको नियन्त्रण र बिरामी पशुपन्छीहरुको स्वास्थ्य उपचार गर्न पशुपन्छी तथा मत्स्यका लागि औषधी तथा औषधीजन्य सामग्री खरिद र निःशुल्क वितरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -३०००) ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) पशुपन्छी तथा मत्स्यका लागि औषधी तथा औषधीजन्य सामग्री, खोप खरिद, वितरण र सोको नियमन ।

(ख) खोप व्यवस्थापन, खोपको प्रभावकारीता परिक्षण ।

(ग) पशुपन्छी रोगको आउटब्रेक अन्वेषण।

(घ) नमूना सङ्कलन तथा सम्प्रेषण।

(३) उपदफा (२) बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्दा स्थानीय आवश्यकता, बजार उपलब्धता र खर्च मितव्ययीतताको हिसाबले गर्नुपर्नेछ।

(४) औषधी खरिद, अन्य आवश्यक सामग्री खरिद गर्दा स्टोर मौज्दात र फिल्ड/वडा आवश्यकता अनुसार गर्न सकिनेछ ।

९.१.४ <u>थुनेलो परीक्षण शिविर कार्यक्रम :-</u>

(१) छिटो छरितो तरिकाले स्थानीय स्तरमा दूध उत्पादन बढी हुने, उन्नत नश्लका पशुपालन बढी भएको क्षेत्रमा बढी दूध दिने दूधालु पशुहरुमा हुन सक्ने थुनेलो रोगको परीक्षण, निदान तथा रोकथामका लागि थुनेलो परीक्षण शिविर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -३०) ।

(२) उपदफा (१) बमोजिमको शिविर कार्यक्रमका लागि देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्न सकिनेछ :-

(क) CMT Paddle तथा रिएजेन्ट र थुनेलो परीक्षणका लागि आवश्यक पर्ने अन्य केमिकल (Chemical) रिएजेन्टहरु खरिद।

(ख) थुनेलो रोगको उपचार तथा रोकथाम र नियन्त्रण गर्ने औषधीहरु खरिद।

(ग) शिविर संचालनका लागि अन्य खर्च व्यवस्थापन।

९.१.५ <u>पशु सेवामा प्रयोग हुने औजार उपकरण खरिद कार्यक्रम :-</u>

(१) छिटो छरितो, भरपर्दो र विश्वसनीय माध्यमले पशुको स्वास्थ्य जाँच, रोग निदान तथा अन्य पशु सम्बन्धी कार्यमा प्रयोग गर्न पशु सेवामा प्रयोग हुने औजार उपकरण खरिद कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमका लागि देहाय बमोजिमका सामग्री, औजार, उपकरण खरिद गर्न सकिनेछ :-

(क) आधारभूत प्रयोगशाला सञ्चालन तथा कृत्रिम गर्भाधान सम्बन्धी कार्यहरु सञ्चालन गर्न आवश्यक सामग्री, औजार, उपकरण ।

(ख) स्किन स्क्रापिङ्गका लागि चाहिने आवश्यक केमिकल रिएजेन्टहरु ।

(ग) गोबर, रगत परिक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेन्टहरु ।

(३) उपदफा (२) मा भए बाहेकका पशु सेवामा प्रयोग हुने आवश्यक अन्य सामग्री, औजार, उपकरण तथा प्राविधिक सुरक्षात्मक सामग्री आवश्यक परेमा खरिद गर्न सक्नेछ।

### ९.१.६ समिक्षा तथा रिपोर्टिङ् बैठकका लागि खाजा र भत्ता :-

**(१)** गाउँपालिका अन्तर्गतका वडाहरुमा कार्यरत पशु प्राविधिकहरुको मासिक, त्रैमासिक, चौमासिक कामकाजको समिक्षा, प्रगति रिपोर्टिङ्गका लागि बैठक र बैठकका लागि खाजा र भत्ताको व्यवस्था गरिएको छ ।

**(२)** उपदफा (१) बमोजिमको प्रयोजनका लागि देहाय बमोजिम खर्च गर्न सकिनेछ :-

**(क)** बैठक खाजा खर्च ।

**(ख)** राम्चे, शिख र दोवाबाट उपस्थित कर्मचारीलाई २ दिन बराबरको भ्रमण भत्ता र अन्यलाई प्राविधिकलाई बैठक/सहभागी भत्ता ।

(४) उपदफा (२) मा बमोजिम बैठकमा सहभागी हुँदा आफुले महिना भरिमा गरेको कार्यको कार्ययोजना, प्रगति, पशु स्वास्थ्य उपचार, प्रजनन् तथा अन्य सेवा प्रवाहका प्रगतिहरु प्रत्येक वडाका प्राविधिकहरुले तयार पारी प्रमाणित गरी/गराई अनिवार्य उपस्थित हुनु पर्नेछ । साथै सोही समिक्षा बैठकमा पूर्ण रुपले भरिएका प्रगति रिपोर्टहरु पेश नभएमा निज प्राविधिकले पाउने सहभागी भत्ता, भ्रमण खर्च उपलब्ध गराईनेछैन ।

(५) यसरी हुने मासिक, त्रैमासिक, चौमासिक समिक्षा बैठकमा अनिवार्य उपस्थिती हुनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम उपस्थित हुन नसक्ने अवस्था भएमा कम्तिमा बैठक बस्नुभन्दा २ दिन अगावै कारण सहितको मौखिक सँगै लिखित जानकारी शाखामा अनिवार्य गराउनु पर्नेछ ।

### ९.२ उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रम :-

### ९.२.१ घाँसको बिउ बेर्ना वितरण कार्यक्रम :-

(१) पशुपन्छीमा उत्पादन लागत घटाई उत्पादन वृद्धि गर्न, स्वस्थ्य पशुपालन गर्न हरियो घाँसमा आधारित पशुपालन आवश्यक रहेको र यस गाउँपालिका अन्तर्गतका कृषकहरुलाई

आवश्यक पर्ने र लगाउने जग्गाको क्षेत्रफल अनुसारको मात्र बिउ लगाई बिउको दुरुपयोग हुन नदिन र बढी भन्दा बढी कृषक समक्ष सहजै पुर्याउन ८५ प्रतिशत अनुदानमा सिजन अनुसारको बर्षे र बहुबर्षे घाँसको बिउ वितरण गर्न घाँसको बीउ बेर्ना वितरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -३००)।

(२) उपदफा (१) प्रयोजनका लागि यहाँको भौगोलिक सुहाउँदो र कृषकले बढी रुचाउने जातको घाँसको बिउ खरिद गरी वितरण गर्न सकिनेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि गाउँपालिकाले घाँसको बिउ ८५ प्रतिशतमा मागको लागि *अनुसूची-१* बमोजिमको ढाँचामा सूचना खुलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खोलिएको सूचनाको समय सीमा भित्र कृषकले आवेदन पेश गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम माग भएको बिउको परिमाण, पशुपालन संख्या र बजेटको परिधि भित्र रही उपदफा (४) बमोजिमका कृषकहरुमा पुग्ने गरी खरिद तथा वितरण गर्नुपर्नेछ ।यदि बजेट परिधिभन्दा माग बढी भएमा पशुको जात र संख्याको आधारमा घटाई सबै आवेदकलाई पुग्ने गरी वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र यसका लागि प्रत्येक वडाले आवश्यक समन्वय र सहजीकरण अनिवार्य गर्नुपर्नेछ ।

९.२.२ <u>गाईभैंसीमा नश्ल सुधार तथा कृत्रिम गर्भाधान विस्तार कार्यक्रम :-</u>

(१) नश्लसुधारबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी पशु तथा पशुजन्य पदार्थमा आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने उद्देश्य अनुरुप गाईभैंसीमा नश्ल सुधार तथा कृत्रिम गर्भाधान विस्तार कार्यक्रम सञ्चालन गर्नेछ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -३००) ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ :-

(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक पर्ने फ्रोजन सिमेन, नाईट्रोजन खरिद, ढुवानी तथा वितरण ।

(ख) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक लजिस्टिक (लि. नाईट्रोजन कण्टेनर, रेफ्री, ग्लोभ, सिथ, थईङ्ग किट, एप्रोन, गम्बुट, एआई ब्याग, एआई गन, एआई सिजर, आदि) खरिद तथा व्यवस्थापन ।

(ग) कृत्रिम गर्भाधान विस्तारका लागि शिविर संचालन र सो को खर्च व्यवस्थापन गर्न सक्नेछ ।

(घ) कृत्रिम गर्भाधान अभिलेख व्यवस्थापनका लागि रजिष्टर, कृ.ग. कार्ड छपाई, आदि ।

(ङ) कृ.ग. तालिम नलिएकालाई कृ.ग. सम्बन्धी तालिम र तालिम लिएकालाई रिफ्रेसर तालिमको व्यवस्था र सो को खर्च व्यवस्थापन ।

(च) कृ.ग. तथा प्रजनन् सेवा विस्तारका लागि आवश्यक पर्ने मिनरल, औषधी तथा हर्बल हर्मोन क्यापसुल/ट्याबलेट खरिद र वितरण ।

(३) उपदफा (२) बमोजिम कृ.ग. तथा प्रजनन् सेवा विस्तारका लागि कृ.ग. तालिम लिएका र नलिएका प्राविधिकहरुको आपसी समन्वयमा कृ.ग. सेवा विस्तार गर्नुपर्नेछ । तालिम नलिएकाले तालिम लिई सकेपश्चात अनिवार्य कृ.ग. सेवा विस्तार गर्नुपर्नेछ ।

(४) कृत्रिम गर्भाधान गर्दा प्राविधिकहरुलाई बर्षभरीमा प्रति डोज प्रति पशु कृत्रिम गर्भाधान गरे बापत रु. ५५०/- का दरले एकमुष्ट रकम भुक्तान गर्नेछ।

९.३ <u>पूर्वाधार विकास निर्माण तथा क्षमता अभिवृद्धि कार्यक्रम :-</u>

९.३.१ <u>पशुपन्छीका लागि गोठखोर (भकारो) सुधार कार्यक्रम :-</u>

(१) पशुपन्छीलाई बिषम परिस्थितीबाट बचाउन, मलमूत्रलाई उचित व्यवस्थापन गरी, पशु र पशुधनीको स्वास्थ्यलाई ख्यालमा राखी यहाँका निर्वाहमुखी तथा व्यसायोन्मुख पशुपन्छी पालक कृषक र युवा जनशक्तिहरुलाई व्यवसायिक तर्फ आकर्षित गर्न र व्यवस्थित गोठ देखि ओठसम्म स्वस्थ्य, स्वच्छ र सफा पशुपन्छीजन्य उत्पादनहरु उपभोगमा सुनिश्चित तुल्याउन पशुपन्छीका लागि गोठखोर (भकारो) सुधार कार्यक्रम ५० प्रतिशत कृषकको लगानी र ५० प्रतिशत गाउँपालिकाको अनुदानमा सञ्चालन गर्नुपर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -५०)।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्न देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) मलमूत्र व्यवस्थापनका लागि गोठखोर भूई ढलान ।

(ख) मूत्र संकलनका लागि नाली निर्माण, १०० लि. क्षमतासम्म ड्रम खरिद र व्यवस्थापन ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालनका लागि *परिच्छेद-२* को *दफा ६* बमोजिमको प्रकृया पुरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा प्रति गाई, भैंसी, बाछा-बाछी, पाडा-पाडी, साँढे, राँगो, गोरु बढीमा रु. ५ हजारका दरले दर्तावाला फर्म, कृषक, समुहको हकमा प्रति कृषक अधिकतम रु. २० हजारसम्म र दर्ता नगरिएका आमकृषकको हकमा प्रति कृषक अधिकतम रु. १० हजारसम्म ५० प्रतिशत गाउँपालिकाले अनुदान उपलब्ध गराउन सकिनेछ र कृषकहरुले पनि सोही बराबरको लागत रकम थप गरी भकारो सुधार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

९.३.२ <u>घुम्ति गोठका लागि अत्यावश्यक सामग्री वितरण कार्यक्रम :-</u>

(१) घुम्ती पद्धतिबाट पालन हुने भेडा, बाख्रा, च्याङग्रा र चौरीको गोठलाई बिषम परिस्थितीबाट सुरक्षित राख्न र अन्य जङ्गली जनावरहरुबाट जोगाउन सुरक्षा तथा स्वास्थ्यका दृष्टिकोणले घुम्ति गोठहरुका लागि अत्यावश्यक सामग्री वितरण कार्यक्रम ५० प्रतिशत कृषकको लगानी र ५० प्रतिशत गाउँपालिकाको अनुदानमा सञ्चालन गर्नुपर्नेछ।

(लक्षित लाभान्वित पशुपन्छी पालक संख्या -२०)

(२) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) गोठालाका लागि अत्यावश्यक सामग्री व्यवस्थापन (जस्तैः- गुन्द्री/सुत्नेसाज/कम्बल/रेनकोट/गमबुट/First Aid Box) ।

(ख) सुरक्षात्मक कार्यका अत्यावश्यक सामग्री व्यवस्थापन (जस्तैः- जस्ती/जालीतार, प्लास्टिक/सिलपाउलिन/सुपरपाउलिन त्रिपाल/कन्वास, रिङ/डोरी/क्लीप/काँटी, पोर्टेवल पानी ट्याङ्की जार, टर्च, सोलारबत्ती/सोलार पावर सिस्टम)

(३) उपदफा (२) बमोजिमका कार्यसञ्चालन गर्नका लागि *परिच्छेद-२* को *दफा ६* बमोजिमको प्रकृया पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा दर्तावाला फर्म, कृषक, समुहको हकमा प्रति कृषक अधिकतम रु. २० हजारसम्म ५० प्रतिशत गाउँपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ र कृषकहरुले पनि सोही बराबरको लागत रकम थप गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**९.३.३ वडास्तरीय गाईभैंसी, भेंडाबाखा पालन सम्बन्धी स्थलगत २ दिने तालिमः-**

(१) गाउँपालिकाको आठ वटै वडाको पशुपालनको अवस्था, आवश्यकता र सम्भावना तथा हालसम्म तालिम नलिएका कृषकहरुलाई लक्षित गरी तिनीहरुको आवश्यकताको आधारमा प्रत्येक वडामा त्यहाँको प्राथमिकीकरणको आधारमा कृषक, कृषक समुह, सहकारी, फर्महरुलाई २ दिने स्थलगत गाईभैंसी वा भेडाबाखा पालन सम्बन्धी तालिम सञ्चालन गर्नेछ ।
(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -२००) ।

(२) उपदफा (१) बमोजिमको तालिम सेवा टेवा सहितको माग भएमा सोही अनुसार सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम/तालिममा सहभागी हुन इच्छुक कृषकहरुले तालिम माग आवेदन वा प्राथमिकिकरणका लागि प्रत्येक वडाका कृषक, कृषक समुह वा पशुपालनसँग आबद्ध सहकारीहरुले आवेदन पेश गर्न गा.पा.ले सूचना प्रकाशन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त माग/आवश्यकता, तुलनात्मक लाभ र प्राथमिकीकरणको आधारमा वडा कार्यालयबाट कृषक समुह वा सहकारी वा कृषकहरुलाई तालिमका लागि सिफारिस गर्नु पर्नेछ । तर त्यसरी माग प्राप्त नभएको खण्डमा वा न्यून माग प्राप्त भएको खण्डमा वडा कार्यालयबाट लक्षित समूह वा सहकारीका पशुपालक कृषकहरुलाई समेत समावेश हुने गरी सिफारिस गर्न सक्नेछ ।

(५) तालिमका लागि माग वा सिफारिस धेरै भएमा गाउँपालिका/शाखाले सबभन्दा बढी पशुपालन गरेको वा व्यवसायिक पशुपन्छी पालन तर्फ लागेका कृषकहरुलाई छनौट गर्न सक्नेछ ।

(६) अन्ततः माथि जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को सूचना बमोजिम माग पेश हुन नआएमा शाखाबाट व्यवसायिक दर्ता भएका एउटै प्रकृतिका फर्महरुलाई लक्षित गरी र समावेश गराउने गरी तालिम सञ्चालन गर्न सकिनेछ ।

**९.४ बजारीकरण कार्यक्रम :-**

**९.४.१ माछामासु तथा डेरी पसल निर्माण/सुधार कार्यक्रम :-**

(१) उपभोक्तालाई स्वच्छ र गुणस्तरीय पशुपन्छीजन्य पदार्थहरु उपलब्ध हुने सुनिश्चितताको लागि मासु तथा डेरी पसलमा काम गर्ने व्यक्ति र उपभोक्ताको स्वास्थ्यलाई ख्यालमा राखी ५० प्रतिशत व्यवसायीको लगानी र ५० प्रतिशत गा.पा.को अनुदानमा माछामासु तथा डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा(१) बमोजिम कार्यक्रम सञ्चालन गर्न देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) दूध संकलन, भण्डारण, विविधिकरण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण वा सुधार ।

(ख) माछा, मासु भण्डारण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण वा सुधार ।

(ग) बिक्री कक्ष, आउटलेट, फ्रिजर, डिप फ्रिज, कोल्ड रुम, भ्याकुम प्याकर, स्टेनलेस स्टिल टेबल, मिट कट्टर, चपिङ् बोर्ड, ईलेक्ट्रिक वेयिङ्ग मेशीन, प्याकेजिङ्ग मेसिन, क्रिम सेपरेटर तथा अन्य आवश्यक सामग्री र बजारीकरणका लागि आवश्यक विभिन्न यन्त्र उपकरण व्यवस्थापन ।

(३) उपदफा (२) बमोजिम क्रियाकलापहरु सञ्चालन गर्नका लागि *परिच्छेद-२* को *दफा ६* बमोजिमको प्रकृया पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्दा प्रति लाभग्राही अधिकतम रु. ४० हजारसम्म गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउन सक्नेछ र माछामासु तथा डेरी पसल/फर्म/सहकारीहरुले पनि सोही बराबरको लागत रकम थप गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**९.५ प्रोत्साहन कार्यक्रम :-**

**९.५.१ उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम :-**

(१) व्यवसायिक पशुपन्छी फर्म, कृषक, कृषक समुह, सहकारीहरुलाई सोही पेशा तर्फ प्रोत्साहित गरी निर्वाहमुखी/व्यवसायोन्मुख पशुपालनलाई व्यवसायिक, प्रतिस्पर्धी र नतिजामुखी बनाउन गाउँपालिकाले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नेछ ।

(लक्षित लाभान्वित पशुपन्छी पालक कृषक संख्या -३०) ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा कृषकको उत्पादन र उत्पादकत्व क्षमताको आधारमा प्रोत्साहन स्वरुप तपसिल बमोजिमका माउ पशु संख्या वा उत्पादन क्षमताको आधारमा वर्गीकरण गरी सोही बमोजिम प्रोत्साहन रकम प्रदान गरिनेछ :-

(क) **भेडा बाखापालन तर्फ :-**

(अ) <u>लघु उद्यमीः-</u>

कम्तिमा १५ देखि २४ वटा माउ भेडा, बाख्रा वा दुवै पालन गरेको हुनुपर्नेछ ।

(आ) <u>साना उद्यमीः-</u>

कम्तिमा २५ देखि ३४ वटा माउ भेडा, बाख्रा वा दुवै पालन गरेको हुनुपर्नेछ ।

(इ) <u>मझौला उद्यमीः-</u>

कम्तिमा ३५ देखि ४४ वटा माउ भेडा, बाख्रा वा दुवै पालन गरेको हुनुपर्नेछ ।

(ई) <u>व्यवसायिक उद्यमीः-</u>

कम्तिमा ४५ वटा वा सो भन्दाबढी माउ भेडा, बाख्रा वा दुवै पालन गरेको हुनुपर्नेछ ।

(ख) **गाई भैंसीपालन तर्फ :-**

(अ) <u>लघु उद्यमीः-</u>

कम्तिमा ३-४ वटा माउ गाई, भैंसी वा दुवै पालन गरेको अथवा गाईभैंसी पालनबाट वार्षिक १०००-१२०० लि. दूध उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ ।

(आ) <u>साना उद्यमीः-</u>

कम्तिमा ५-८ वटा माउ गाई, भैंसी वा दुवै पालन गरेको अथवा गाईभैंसी पालनबाट वार्षिक १२०१-२१०० लि. दूध उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ ।

(इ) <u>मझौला उद्यमीः-</u>

कम्तिमा ९-१३ वटा माउ गाई, भैंसी वा दुवै पालन गरेको अथवा गाईभैंसी पालनबाट वार्षिक २१०१-३३०० लि. दूध उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ ।

(ई) <u>व्यवसायिक उद्यमीः-</u>

कम्तिमा १४ वटा वा सो भन्दाबढी माउ गाई, भैंसी वा दुवै पालन गरेको अथवा गाईभैंसी पालनबाट वार्षिक ३३०१ लि. वा सो भन्दाबढी दूध उत्पादन गरी बिक्री गरेको हुनुपर्नेछ ।

(ग) **सुंगुर बंगुरपालन तर्फ :-**

(अ) <u>लघु उद्यमीः-</u>

कम्तिमा ११ देखि २२ वटा माउ सुंगुर बंगुर पालन गरेको हुनुपर्नेछ।

(आ) <u>साना उद्यमीः-</u>

कम्तिमा २३ देखि ३३ वटा माउ सुंगुर बंगुर पालन गरेको हुनुपर्नेछ।

(इ) <u>मझौला उद्यमीः-</u>

कम्तिमा ३४ देखि ४४ वटा माउ सुंगुर बंगुर पालन गरेको हुनुपर्नेछ।

(ई) <u>व्यवसायिक उद्यमीः-</u>

कम्तिमा ४५ वटा वा सो भन्दाबढी माउ सुंगुर बंगुर पालन गरेको हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमका उद्यमीहरुलाई माउको पुच्छर गिन्ती गरेर तपसिल बमोजिमको प्रोत्साहन रकम (कर सहित) प्रदान गरिनेछ :-

(क) <u>लघु उद्यमीः-</u> रु. १५ हजार

(ख) <u>साना उद्यमीः-</u> रु. २० हजार

(ग) <u>मझौला उद्यमीः-</u> रु. २५ हजार

(घ) <u>व्यवसायिक उद्यमीः-</u> रु. ३५ हजार

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाले *परिच्छेद-२* को *दफा ६* बमोजिमको प्रकृया पुरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(५) उपदफा (२) को (ख) बमोजिमका कृषकहरुले वार्षिक दूध उत्पादन तथा बिक्री वितरणका आधारमा प्रोत्साहन रकम पाउन दूध उत्पादन तथा बिक्री वितरण गरेको रेकर्ड वार्षिक वा न्यूनतम मापदण्ड सम्मको रेकर्ड पेश गर्नुपर्नेछ, रेकर्ड पेश नगरेमा वा गर्न नसकेमा उपदफा (३) बमोजिमको प्रोत्साहन रकम पाउनेछैन ।

## परिच्छेद-४

## <u>सामाग्री खरिद</u>

**१०. <u>सामाग्री खरिद प्रक्रिया :-</u>** वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि स्वीकृत बजेटको परिधि भित्र रहि गाउँपालिकाले" सार्वजनिक खरिद ऐन २०६३" र "अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६" बमोजिम आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्नेछ।

## परिच्छेद-५

## <u>भुक्तानी प्रक्रिया</u>

**११. <u>भुक्तानी प्रक्रिया :-</u>**

(१) पशु विकास तथा पशु सेवा कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(२) कार्यक्रम सम्पन्न भएपछि कार्यालयले देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तानी गर्नेछ;

- सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नु पर्नेछ।
- निर्माण कार्यको हकमा सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्नुपर्नेछ।
- सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नुपर्नेछ।
- सार्वजनिक सुनुवाई गरेको माईन्यूटको प्रतिलिपी संलग्न हुनुपर्नेछ (समुहको हकमा मात्र)।
- कुल लागतमा ३ लाख अनुदानसम्म वा सो भन्दा बढीको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङबोर्ड राखेको हुनुपर्नेछ।

(३) कार्यक्रम रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिमको कर कट्टि गरिनेछ।

## परिच्छेद-६
## कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन सम्बन्धि व्यवस्था

**१२. सुपरिवेक्षण तथा अनुगमन समिति :-**

(१) यस गाउँपालिकाको पशु सेवा शाखाबाट सञ्चालन गरिने कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमनका लागि देहाय बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ।

देहाय:

- गाउँपालिका उपाध्यक्ष :- संयोजक
- आर्थिक विकास समितिका संयोजक :- पदेन सदस्य
- लेखा समिति संयोजक :- सदस्य
- सम्बन्धित वडाको वडा अध्यक्ष :- सदस्य
- सम्बन्धित शाखा प्रमुख :- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमका सुपरिवेक्षण तथा अनुगमन समितिले स्थलगत अनुगमन पश्चात कार्यक्रम/योजनाको अवस्था बारेको अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ।

## परिच्छेद-७
## विविध

**१३. मासिक प्रगति पेश गर्नु पर्ने :-**

(१) प्रत्येक महिनाको अन्तिममा वडाका प्राविधिकहरुले शाखामा र शाखाले सोही महिना भरि भए गरेको कामकाजको लाभान्वित कृषक विवरण सहित प्रगति विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(२) प्रगति विवरण समयमा पेश नगर्ने पशु प्राविधिकहरुलाई क्षमता विकासका लागि आउने तालिमहरुमा सहभागिताको लागि प्राथमिकतामा राखिने छैन ।

**१४. बीमा गर्न सक्ने :-**

(१) पशु सेवामा खटिने प्राविधिकहरु जोखिमयुक्त वातावरणमा (प्राणघातक जुनोटिक प्रकृतिका रोगहरु सर्नसक्ने अवस्थामा) कार्य गर्नुपर्ने हुन्छ । प्राविधिक र पशुपन्छीको स्वास्थ्यलाई समेत ध्यानमा

राखी गा.पा. अन्तर्गत पशु सेवा क्षेत्रमा कार्यरत पशु प्राविधिकहरुको स्वास्थ्य सुरक्षाका लागि स्थानीय तहबाट देहाय बमोजिम बीमा गर्न सक्नेछ ।

| क्र.सं. | बीमाको प्रकार | उपयुक्त योजना | सरकारी निकायबाट गर्न सकिने |
|---|---|---|---|
| १. | स्वास्थ्य बीमा | सरकारी स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्य बीमा बोर्डमार्फत निःशुल्क बीमा |

(२) उपदफा (२) बमोजिमको बीमा गर्न शुल्क लागेमा यसै कार्यविधिको *दफा ९* को *बुँदा नं. ९.२.२* बमोजिमको कार्यक्रम(शीर्षक)बाट रकम व्यवस्थापन गर्न सकिनेछ ।

**१५. <u>बीमा गर्नु पर्ने :-</u>**

(१) यस कार्यविधि अनुसार नगद प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्यको बीमा स्वयमले गर्नुपर्नेछ ।

(२) बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिका लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ र त्यस्तो अवस्थामा गा.पा. बाट कुनै किसिमको क्षतिपूर्ति उपलब्ध हुनेछैन ।

(३) वडाका पशु प्राविधिकहरुले पनि यस गा.पा. भित्रका पशुहरुको बीमा सम्बन्धी प्रचार-प्रसार र बीमा कार्यमा सहजीकरण गरी पशुपालक कृषकहरुलाई बीमा गर्न प्रोत्साहित गर्नुपर्नेछ ।

(४) नेपाल सरकारले बीमा प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउने भएको हुँदा यस पालिका क्षेत्रभरीका कृषकहरुलाई पशुपन्छी तथा मत्स्य बीमा कार्यक्रममा सहभागी हुनका लागि गाउँपालिकाले बीमा कम्पनीहरुलाई समन्वय तथा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

**१६. <u>अन्य निकायसँग समन्वय तथा हाट बजार व्यवस्थापन गर्न सक्ने :-</u>**

(१) यस पालिका अन्तर्गत मासु तथा प्रजनन प्रयोजन उद्देश्यले पालिएका खसी बोका, भेंडा, बाख्रा, च्याङ्ग्रा, सुंगुर, बंगुर तथा अन्य पशुपन्छी र पशुपन्छीजन्य उत्पादनको उचित बजार पाउनका साथै बजारीकरणका लागि आवश्यक परेमा गाउँपालिकाले अन्य पालिका वा निकाय सँग समन्वय गरी यहाँका उत्पादनलाई खपत हुन सहयोग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम समन्वयका लागि शुरुमा कति मात्रामा ? कुन सामान वा वस्तु ? बजारीकरणको आवश्यकता छ सो को एउटै प्रकृतिको बढी भन्दा बढी कम्तीमा १०० वटा आवेदन गाउँपालिकामा कृषकहरुबाट पेश भएमा सोही आवेदनका आधारमा गाउँपालिकाले पत्राचार गरी वा अन्य सहज माध्यमले समन्वय/सम्झौता गरी कृषकहरुको पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको उचित बजारीकरणका लागि आवश्यक पहल गर्न सक्नेछ ।

(३) पशुपन्छीजन्य उत्पादन ढुवानी र बजारीकरणका लागि कृषि एम्बुलेन्स आवश्यक परेमा आम कृषकले कृषि एम्बुलेन्स भाडा तिरी प्रयोग गर्न सकिनेछ ।

(४) यस पालिका अन्तर्गत उत्पादित पशुपन्छी र पशुपन्छी तथा कृषिजन्य वस्तुहरुको आन्तरिक खपत बढाउन साथै कृषकले उचित मूल्य पाउन गाउँपालिकाले स्थानीय आवश्यकतानुसार कृषि/पशुपन्छी हाट बजार सञ्चालन गर्न सकिनेछ ।

**१७. <u>असुल उपर हुने :-</u>**

(१) यस कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम वा भौतिक सामग्री वा भौतिक संरचना सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको वा अन्य कार्यमा प्रयोग गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

**१७. <u>दोहोरो सुविधा लिन नपाउने :-</u>**

(१) अनुदानग्राहीले एउटै प्रकृतिको कामको लागि संघ, प्रदेश र स्थानीय तह वा एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्नेछैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्नेछैन।

(२) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) बिगतका २ आ.व. सम्ममा एउटै प्रकृतिको अनुदान प्राप्त गर्ने व्यक्ति, फर्म, समुह वा सहकारीले त्यस्तो प्रकृतिको अनुदान प्राप्त गर्न योग्य हुने छैन ।

तर क्षमता विस्तार गर्न वा फरक फरक कार्य गर्ने गरी एउटै अनुदानग्राहीलाई अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

**१८. <u>जिम्मेवारी हुने :-</u>**

(१) कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित गाउँपालिकाको हुनेछ ।

(२) कार्यक्रम सञ्चालनको बेला तथा सम्पन्न पश्चात सोको प्रभावकारिता, उत्पादन वृद्धि र सकारात्मक प्रभावको समय समयमा सुपरिवेक्षण तथा अनुगमन गाउँपालिकाले गर्नेछ ।

**१९. <u>बाधा अड्काउ फुकाउ :-</u>** यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग हुनेछ।

**२०. <u>प्रचलित कानुन बमोजिम हुने :-</u>** यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**२१. <u>निर्देशिका संशोधन :-</u>** अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधिलाई संशोधन तथा थपघट गर्न सक्नेछ।

**२२. <u>खारेजी :-</u>** अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ। अन्नपूर्ण गाउँपालिकाको "कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" खारेज गरिएको छ ।

**अनुसूची-१**

(*परिच्छेद*-२ को बुँदा ६ को उपबुँदा (१) सँग सम्बन्धित)

प्रथम पटक प्रकाशन मिति..............

यस गा.पा.को आ.व. ...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "पशुपन्छी विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम देहायका कार्यक्रमहरु सञ्चालन गर्न/सहभागी हुन ईच्छुक कृषक/समुह/सहकारी/फर्म/निजी उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ...... दिन भित्र कार्यालय समय भित्र यस कार्यालयमा तथा सम्बन्धित वडा कार्यालयमा अनुसूची-४ बमोजिमका आवश्यक कागजातहरु सहित प्रस्ताव दर्ता गर्न आव्हान गरिन्छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

| क्र. सं. | कार्यक्रमको नाम | कुल बजेट | संख्या | सञ्चालन गर्न सकिने क्रियाकलाप | न्यूनतम मापदण्ड | आवेदकको किसिम/लक्षित वर्ग, समुदाय | कार्यक्रम लागू हुने क्षेत्र | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाईट ...... बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछन् । थप जानकारीका लागि पशु सेवा शाखाको सम्पर्क नं. ........... मा सम्पर्क गर्नु हुन अनुरोध छ।

***नोटः*** *कार्यक्रमको प्रकृति अनुरुप प्रस्ताव आव्हानको सूचनामा कार्यालयले आवश्यक परिमार्जन गर्न सक्नेछ । साथै कार्यक्रमको प्रकति अनुसार कागजातहरुको विवरण थपघट गर्न सकिनेछ।*

## अनुसूची-२

(परिच्छेद-२ को बुँदा ६ को उपबुँदा (३) सँग सम्बन्धित)

## संक्षिप्त कार्ययोजना

(१) आवेदकको विवरण :-

| | |
|---|---|
| आवेदक(कृषक/फर्म/समुह/सहकारी)को नामः- | |
| ठेगाना :- | |
| सम्पर्क व्यक्तिको नाम :- | |
| ठेगाना :- | |
| सम्पर्क नं. :- | |
| दर्ता भएको भए, दर्ता गर्ने निकाय र मिति :- | |

(२) हालको व्यवसायिक संलग्नता :-

हाल संचालन व्यवसायको नाम :-

| क्र.सं. | सञ्चालित क्रियाकलापहरु |
|---|---|
| | |
| | |
| | |

मुख्य उत्पादन र कारोबार विवरण :-

| क्र.सं. | हाल उत्पादन गर्ने गरिएको वस्तुहरु | वार्षिक परिमाण | कारोबार रकम |
|---|---|---|---|
| | | | |
| | | | |

व्यवसायबाट सिर्जित रोजगारी संख्या :-

प्रत्यक्ष : अप्रत्यक्ष :

महिला : पुरुष : दलित : जनजाति : अन्य :

(३) उद्देश्य :-

- के गर्न खोज्नु भएको (काम) :-
- किन गर्ने (कारण) :-
- कसरी गर्ने (तरिका/माध्यम):-
- कहिले गर्ने (निश्चित समय):-

(४) व्यवसाय सञ्चालन गरिएको स्थानको संक्षिप्त विवरण :-

अन्नपूर्ण गाउँपालिका वडा नं. : गाउँ/टोल :

सदरमुकामबाट कति टाढा छ ? ........ कि.मी.

गाउँपालिकाको केन्द्रबाट कति टाढा छ ? ........ कि.मी.

सडक पहुँच :- पक्की सडक ( ) कच्ची सडक ( ) मौसमी सडक ( ) नभएको ( )

(५) पशुपंक्षीको विवरण :-

गाई, भैंसी :-

| क.सं. | विवरण | संख्या | दूध दिने | दूध नदिने | दैनिक दूध उत्पादन | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

भेंडा, बाखा :-

| क.सं. | विवरण | संख्या | प्रजननको लागि | मासुको लागि | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अन्य :-

| क.सं. | विवरण | संख्या | प्रयोजन | उत्पादन क्षमता वा गोटा (वार्षिक) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(६) व्यवसाय सञ्चालनका लागि रहेको पूर्वाधार :-

तपाईले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा सिंचाई सुविधा छ कि छैन ? ........

छ भने, कस्ता छन् ?

सिंचाईको स्रोत :- कुलो ....... वा पोखरी ....... वा अन्य (भए उल्लेख गर्नुहोस्) ......

अन्य भौतिक पूर्वाधार तथा यन्त्र उपकरणको विवरण :-

| क.सं. | विवरण | संख्या | अवस्था | प्राप्तिको स्रोत | क्षमता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(७) प्रस्तावित व्यवसाय अथवा अनुदानको विवरण :-

सञ्चालन गरिने व्यवसाय :-

सञ्चालन गरिने क्रियाकलापहरु :-

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

लागत साझेदारी विवरण :-

| क.सं. | आवेदकले व्यहोर्ने रकम रु. | अनुदान रकम रु. | जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |

(८) प्रस्तावित क्रियाकलाप सम्पन्न पश्चात हासिल हुने अपेक्षित उपलब्धीहरुः-

(क) ........

(ख) .........

आवेदकको तर्फबाट सही गर्नेको नाम :-

पद :-

दस्तखत :-

संस्थाको छाप :-

सम्पर्क नं. :-

मिति :-

*नोट :- कार्यालयले कार्यक्रमको प्रकृति अनुरुप संक्षिप्त कार्ययोजनाको ढाँचामा आवश्यक परिमार्जन गरी अझ बढी सान्दर्भिक र सरलिकृत बनाउन सक्नेछ ।*

**अनुसूची-३**

(*परिच्छेद-२* को बुँदा ६ को उपबुँदा (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मिति:................
अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी।

**विषय :- प्रस्ताव पेश गरिएको बारे।**

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयको मिति ................ गतेको सूचना अनुसार ............................................ कार्यक्रम सञ्चालन गर्न/कार्यक्रममा सहभागी हुन ईच्छुक भई प्रस्तावित कार्य-योजना र अनुसूची-४ बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सञ्चालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

निवेदकको
नाम :-
सम्पर्क नं :-
दस्तखत :-

प्रस्तावकको नाम :-
स्थायी ठेगाना :-
प्रस्तावित कार्यक्रमको नाम :-
कार्यक्रम सञ्चालन हुने स्थान :-

संलग्न कागजातहरुको सूची :-

| क.सं. | संलग्न कागजातहरुको विवरण |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |
| ७. | |

माथि उल्लेखित विवरण तथा कागजातहरु सहि सत्य छन्।

*नोट :- कार्यालयले सान्दर्भिक ठानेमा निवेदनको ढाँचामा आवश्यक परिमार्जन गर्न सक्नेछ ।*

## अनुसूची-४

(*परिच्छेद-२* को बुँदा ६ को उपबुँदा (३) सँग सम्बन्धित)

## आवश्यक कागजातहरुको सूची

(१) अनुसूची-३ बमोजिमको निवेदन ।

(२) अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना ।

(३) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

(४) फर्म, समुह, सहकारी दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

(५) कार्ययोजना अनुरुपको योग्यता, तालीम र अनुभव जनाउने कागजात भए सो को प्रतिलिपी (ऐच्छिकमा) वा मेशिनरीहरुको हकमा स्पेसिफिकेशन खोलाउनु पर्ने।

(६) स्थायी लेखा नम्बर र गत आ.व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (दर्तावाला निजी, व्यवसायिक फर्म, समुह, सहकारी वा डेरी तथा मासु पसलको हकमा मात्र)।

(७) सहकारीको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी ।

(८) वडाको कार्यक्रममा दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सम्बन्धित वडाको सिफारिस पत्र ।

(९) यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र *(अनुसुची-७ बमोजिम)* ।

(१०) कृषक समुह वा सहकारीको हकमा कार्यक्रम माग वा सञ्चालन गर्ने निर्णयको प्रतिलिपी ।

(११) निर्माण कार्यको हकमा जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी ।

(१२) अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरीनामा, जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र।

(१३) आवश्यकता अनुसारका अन्य कागजातहरु ।

*नोट :- कार्यालयले आवश्यकता अनुसार आवश्यक कागजातहरुको सूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।*

## अनुसूची-५

(*परिच्छेद-२* को बुँदा ६ को उपबुँदा (८) सँग सम्बन्धित)

## सम्झौता पत्र

आ.व. ........ को लागी अन्नपूर्ण गाउँपालिकाको पशु सेवा शाखा तर्फको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत .............................. कार्यक्रमको लागी अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी...........................(यसपछि दोस्रो पक्ष भनिने) बिच मिति ........../........./.........मा तपसिलका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी लियौं/दियौं।

**शर्तहरु :-**

(१) यो द्विपक्षीय सम्झौता, सम्झौता भएको मिति देखि मिति ..................... सम्म लागु हुनेछ।

(२) प्रथम पक्षले यस सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि कूल लागत रु. ................ मध्ये अनुदान/सामाग्री सहयोग वापत रु ........... (अक्षरेपी ....................... रुपैंया मात्र) वा खर्चको अधिकतम ...... % दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नियमानुसार लाग्ने कर तथा कन्टिन्जेन्सी कट्टा गरी खाता मार्फत भुक्तानी गर्नेछ। कार्यक्रमको बाँकी रकम रु ......... (अक्षरेपी .............. रुपैंया मात्र) दोस्रो पक्ष स्वयमले व्यहोर्नु पर्नेछ।

(३) दोस्रो पक्षले प्रस्तावित कार्यक्रम म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिका, वडा नं ...., ............. गाउँटोलमा सञ्चालन गरी सम्पन्न गर्नेछ।

(४) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको संक्षिप्त कार्ययोजना अनुसारका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

(५) स्वीकृत प्रस्ताव पत्र बमोजिमको डिजाईन स्टिमेट र दरभाउ मेशिनरी उपकरण र अन्य समानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ।

(६) दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, जिन्सी सामाग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ।

(७) दोस्रो पक्षले नियमानुसार बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैंक खाता मार्फत एकमुष्ठ भुक्तानी गरिनेछ। कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/सामाग्रीहरु दोस्रो पक्षलाई स्वत: हस्तान्तरण हुनेछ।

(८) दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्नेछ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्न वाध्य हुने छैन।

(९) प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए / नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

(१०) द्विपक्षिय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउनेछ र सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

(११) दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ बोर्ड राख्नुपर्नेछ ।

(१२) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्षको हुनेछ।

(१३) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै र यसमा उल्लेख नभएका नियमहरु नेपाल सरकारको प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

(१४) कार्यक्रम सञ्चालनको दौरान द्विपक्षीय सम्झौतामा कुनै परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा सम्झौता अवधि नसकिँदै गर्न सकिनेछ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन ।

| प्रथम पक्षको तर्फबाट | | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| नाम: | | नाम: |
| पद: | | पद: |
| दस्तखत: | | दस्तखत: |
| मिति: | **रोहवर** | मिति: |
| कार्यालयको छाप: | नाम: | संस्थाको छाप: |
| | पद: | |
| | दस्तखत: | |

इति सम्बत् २०...... साल ....... महिना ........गते रोज ............. शुभम्।

*नोट :- कार्यालयले गाउँपालिकाको सार्वजनिक खरिद नियमावलीको अधिनमा रही द्वीपक्षीय सम्झौताका बुँदाहरुमा आवश्यक संशोधन गर्न सक्नेछ ।*

## अनुसूची-६

(परिच्छेद-२ को बुँदा ६ को उपबुँदा (७) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

जिल्ला :- म्याग्दी स्थानीय तह :- अन्नपूर्ण गाउँपालिका वडा नं. : गाउँटोल :-

आवेदकको नाम, थर ;-

फर्म/समुह/समिति/सहकारी को नाम, ठेगाना :-

सम्पर्क नं. :-

**प्रस्ताव मुल्यांकन फारम**

| क्र.सं. | विवरण (सूचक) | पूर्णाङ्क | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|---|
| १ | आवश्यक कागजातहरुको संलग्नता | ५ | | | |
| १.१ | आ.व. शुरु भएको ३५ दिन भित्र नियमित नविकरण गरेको | | ५ | | |
| १.२ | आ.व. शुरु भएको ३५ दिन भित्र नियमित नविकरण नगरेको | | २ | | |
| २ | व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण) | १५ | | | |
| २.१ | लागत | | | | |
| २.१.१ | कृषकको प्रस्तावित लागत साझेदारी (७५% वा सो भन्दा बढी भए) | | ५ | | |
| २.१.२ | कृषकको प्रस्तावित लागत साझेदारी (५०% देखि ७४% सम्म भए) | | ३ | | |
| २.२ | रोजगारी सृजना | | | | |
| २.२.१ | एकाघर भन्दा बाहिरको कम्तीमा थप दुई वा सो भन्दा बढीलाई रोजगारी दिएको भए | | ५ | | |
| २.२.२ | एकाघर भन्दा बाहिरको कम्तीमा थप एक जनालाई रोजगारी दिएको भए | | ३ | | |
| २.२.३ | एकाघर भन्दा बाहिर रोजगारी नदिएको भए | | १ | | |
| २.३ | बजारीकरण | | | | |
| २.३.१ | आफ्नो कूल उत्पादन मध्ये उत्पादन गर्नेले ९०% वा सो भन्दा बढी बिक्री गर्ने र प्रशोधन गर्ने तथा बजारीकरण गर्नेले शत प्रतिशत परिमाण बिक्री गर्ने | | ५ | | |
| २.३.२ | आफ्नो कूल उत्पादन मध्ये उत्पादन गर्नेले ९०% भन्दा कम बिक्री गर्ने र प्रशोधन गर्ने तथा बजारीकरण गर्नेले शत प्रतिशत भन्दा कम परिमाण बिक्री गर्ने | | ३ | | |
| २.३.३ | आफ्नो उत्पादनको स्थायी बजारीकरण नगरेको वा स्थायी रुपमा बिक्री नभएको | | २ | | |
| ३ | पूर्वाधार र प्राविधिक उपयुक्तता | १० | | | |
| ३.१ | पूर्वाधार | | | | |
| ३.१.१ | बाटो, पानी, बिजुली सुविधा र राम्रो अवस्थाको गोठखोर भएको | | ५ | | |
| ३.१.२ | बाटो, पानी, बिजुली मध्ये कुनै १ वा सो भन्दा बढी सुविधा नभएको र राम्रो अवस्थाको गोठखोर भएको | | ४ | | |
| ३.१.३ | बाटो, पानी, बिजुली सुविधा भएको तर गोठखोरको अवस्था राम्रो नभए | | ३ | | |
| ३.२ | प्राविधिक उपयुक्तता | | | | |
| ३.२.१ | मानव बस्तीबाट गाईभैंसी, भेंडाबाख्राको हकमा कम्तिमा ५० मिटर र सुंगुर, | | ५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बंगुर तथा कुखुराको हकमा कम्तीमा १०० मिटर टाढा गोठखोर भएको, पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरेको/गर्ने | | | | |
| ३.२.२ | मानव बस्तीबाट पशुपन्छीको गोठखोर तोकिएको दुरी भन्दा नजिक भएको, पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन नगरेको/नगर्ने | | २ | | |
| ४ | आवेदकको अनुभव र तालिम | १० | | | |
| ४.१ | सम्बन्धित क्षेत्रको अनुभव | | | | |
| ४.१.१ | २ बर्ष वा सो भन्दा बढी | | ५ | | |
| ४.१.१ | २ बर्ष भन्दा कम | | ३ | | |
| ४.२ | सम्बन्धित क्षेत्र वा बिषयमा तालिम/अध्ययन गरेको | | | | |
| ४.२.१ | सम्बन्धित क्षेत्र वा बिषयमा अध्ययन गरेको | | ५ | | |
| ४.२.२ | ७ दिन वा सो भन्दा बढी दिनको तालिम/अध्ययन गरेको | | ४ | | |
| ४.२.३ | ३ देखि ५ दिन सम्मको | | ३ | | |
| ४.२.४ | ३ दिन भन्दा कम | | २ | | |
| ४.२.५ | वैदेशिक रोजगारीबाट फर्किएको | | ३ | | |
| ४.२.६ | तालिम नलिएको वा प्रमाण पत्र नभएको | | ० | | |
| ५ | लाभन्वित घरधुरी | १० | | | |
| ५.१ | उत्पादन गर्नेको हकमा मात्र | | | | |
| ५.१.१ | १० वा १० भन्दा बढी | | १० | | |
| ५.१.२ | ५ देखि ९ सम्म | | ७ | | |
| ५.१.३ | ५ भन्दा कम | | ४ | | |
| ५.२ | प्रशोधन गर्नेको हकमा मात्र | | | | |
| ५.२.१ | प्रशोधन गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या २० वा २० भन्दा बढी भएको | | १० | | |
| ५.२.२ | प्रशोधन गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या १० देखि १९ सम्म | | ७ | | |
| ५.२.३ | प्रशोधन गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या ५ देखि ९ सम्म | | ४ | | |
| ५.२.४ | प्रशोधन गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या ५ भन्दा कम भएको | | २ | | |
| ५.३ | बजारीकरणको हकमा | | | | |
| ५.२.१ | बजारीकरण गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या २० वा २० भन्दा बढी भएको वा मासिक रु. ७५,०००/- वा सो भन्दा बढीको माछामासु वा दुग्धजन्य पदार्थ बिक्री गर्ने | | १० | | |
| ५.२.२ | बजारीकरण गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या १० देखि १९ सम्म भएको वा मासिक रु. ५१ हजार देखि ७४ हजार सम्मको माछामासु वा दुग्धजन्य पदार्थ बिक्री गर्ने | | ७ | | |
| ५.२.३ | बजारीकरण गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या ५ देखि ९ सम्म भएको वा मासिक रु. २५ हजार देखि ५० हजार सम्मको माछामासु वा दुग्धजन्य पदार्थ बिक्री गर्ने | | ४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२.४ | बजारीकरण गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या ५ भन्दा कम भएको वा मासिक रु. २५ हजार भन्दा कमको माछामासु वा दुग्धजन्य पदार्थ बिक्री गर्ने | | २ | | |
| ६ | आर्थिक अवस्था (विपन्नता) | **५** | | | |
| ६.१ | अति बिपन्न | | ५ | | |
| ६.२ | मध्यम वर्ग | | २ | | |
| ६.३ | अन्य | | १ | | |
| ७ | समावेशी | **५** | | | |
| ७.१ | दलित, महिला, जनजाति, पिछडावर्ग | | ५ | | |
| ७.२ | अन्य | | १ | | |
| ८ | अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट कुनै किसिमको अनुदान लिए/नलिएको | **५** | | | |
| ८.१ | नलिएको | | ५ | | |
| ८.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नका लागि लिएको | | २ | | |
| ९ | पशुपन्छीको बीमा | **१०** | | | |
| ९.१ | लगातार ४ वा सो भन्दा बढी समय देखि बीमा गरेको भए | | १० | | |
| ९.२ | लगातार १ देखि ३ बर्षसम्म बीमा गरेको भए | | ५ | | |
| ९.३ | यो बर्ष मात्र बीमा गरेको भए | | २ | | |
| ९.४ | पशुपन्छी सँगै गोठखोरको पनि बीमा गरेको भए | | ४ | | |
| ९.५ | पशुपन्छी र गोठखोरको पनि बीमा नगरेको | | १ | | |
| १० | गोठखोरको भौतिक संरचना | **५** | | | |
| १०.१ | आफ्नै व्यक्तिगत खर्चमा मात्रै बनाएको भए | | ५ | | |
| १०.२ | अन्य कुनै संघ, संस्था वा कार्यालयको लागत साझेदारीमा बनाएको भए | | २ | | |
| | जम्मा | ८० | | | |

**स्थलगत अनुगमनको समयमा पशुपन्छीको विवरण र संख्या :-**

| | **गाईको संख्या** | | | | | **भैंसीको संख्या** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | माउ गाई | गोरु/साँढे | बाछा/बाछी | **जम्मा** | सि.नं. | माउ भैंसी | राँगो | पाडा/पाडी | **जम्मा** |
| **१.** | | | | | २. | | | | |
| | **बाख्राको संख्या** | | | | | **भेंडाको संख्या** | | | |
| सि.नं. | माउ बाख्री | खसी/बोका | पाठा/पाठी | **जम्मा** | सि.नं. | माउ भेंडी | थुमा/बोका | पाठा/पाठी | **जम्मा** |
| **३.** | | | | | ४. | | | | |
| | **सुंगुर/बंगुरको संख्या** | | | | | **कुखुराको संख्या** | | | |

| सि.नं. | माउ भूनी | विर | पाठा/पाठी | **जम्मा** | सि.नं. | अण्डा पार्ने कुखुरा | भाले कुखुरा | चल्ला | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | | | | | ६. | | | | |

अन्य उल्लेखनीय विवरण भए :-

१.

२.

**<u>अनुसूची-७</u>**

(*परिच्छेद-२* को बुँदा ६ को उपबुँदा (३) सँग सम्बन्धित)

## स्व:घोषणा पत्र

मिति :

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

अन्नपूर्ण गाउँपालिकाको पशु सेवा शाखा तर्फको आ.व. ०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहबाट प्रदान गरिने .................. अनुदानका कार्यक्रम सञ्चालन गर्न/अनुदान पाउन इच्छुक रहेकाले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट प्रदान गरिएको अनुदान मैले/ हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्व:घोषणा गर्दछु । साथै यहि प्रकृतिको कार्यक्रमको लागि विगत दुई आ.व. सम्ममा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा यस कार्यालय वा अन्य कुनै सरकारी कार्यालयबाट अनुदान प्राप्त नगरेको पनि स्व:घोषणा गर्दछु । यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी को सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

**स्व:घोषणा गर्नेको**

हस्ताक्षर :-
नाम, थर :
ठेगाना :
सम्पर्क नं :
ईमेल :
संस्थाको छाप :

**अनुसूची-८**

(*परिच्छेद-७* को बुँदा १३ सँग सम्बन्धित)

**पशु स्वास्थ्य/सेवा प्राविधिकको दैनिक कार्ययोजना र प्रगति प्रतिवेदन**

| | | | |
|---|---|---|---|
| तयार गर्नेको नाम, थरः- | | वडा नं.:- | |
| पद :- | | मिति :- | २०८ ..... साल ................... महिना |
| सम्पर्क नम्बर :- | | | |

१. **यस महिनाको कार्ययोजना** (महिनाको सुरुमा भर्ने)

| **मासिक योजनामा उल्लेख गरिएका कार्य विवरण** | **लक्ष्य** (यस महिनाको) | **लक्ष्य** (अघिल्लो महिनाको बाँकी भएमा) | **जम्मा** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

२. **यस महिनाको प्रतिवेदन** (महिनाको अन्त्यमा भर्ने)

| **मासिक योजना अनुसार गरिएका कार्य विवरण** | **लक्ष्य** | **उपलब्धि** | (उपलब्धि : लैंगिक तथा समावेशी जातीय विवरण) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. **यस महिनामा सम्पन्न कार्यहरुको संक्षिप्त विवरण**

अन्य क्रियाकलापहरु (व्यवसायिक पशु/पन्छी फर्महरुको स्थलगत अनुगमन, घरदैलो, कृषक पाठशाला, तालिम गोष्ठी, पशुपन्छी बीमाको प्रचार प्रसार, बीमा गर्न कृषकहरुलाई सहजीकरण, नमुना संकलन, समुह गठन, पुनर्गठन, समुहको बैठकमा सहभागी तथा सहजीकरण, आदि)

| **गते** | **मुख्य क्रियाकलापहरु** | **कहाँ गर्नु भयो** (कृषक समुह, फर्म र ठेगाना) | **के के गर्नु भयो** | **उपलब्धि के के भयो** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |
| २९ | | | | |
| ३० | | | | |
| ३१ | | | | |
| ३२ | | | | |

४. **कार्य अनुगमन तथा सुपरिवेक्षण :**

| **मिति** | **मुख्य अनुगमन भएका क्रियाकलापहरु** | **अवलोकन** (के देखियो) | **सुझाव** (के के गर्नु भयो) | **सुझाव** (वडा वा गा.पा.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**५. कार्य कार्यान्वयनको सिलसिलामा सामना गरिएका समस्या र चुनौतीहरु**

**६. ती समस्या अथवा चुनौतीको सामनाका प्रयासहरु**

**७. भविष्यका लागि सिकाईहरु**

**प्राविधिकको**

**सहि :-** **मिति :-**

**<u>प्रमाणित गर्ने :-</u>**

नाम, थर :-

पद :-

मिति :-

**अनुसूची-९**

(*परिच्छेद-२* को बुँदा ६ को उपबुँदा (८) सँग सम्बन्धित)

## सम्झौताका लागि निवेदन

मिति : ............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अन्नपूर्ण गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दी।

**बिषय :- सम्झौता सम्बन्धमा।**

अन्नपूर्ण गाउँपालिका पशु सेवा शाखाको आ.व. ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ................. कार्यक्रमको लागि वडा नं. ..... मा रहेका ............................................... फर्म क्र.सं. .... मा छनौट/ वैकल्पिकमा परेको हुँदा कार्यक्रम संचालनका लागि तयार गरिएको प्राविधिक लागत इस्टिमेट नै (निर्माणको हकमा) मेरो प्रस्ताव रहेको हुँदा सोहि अनुसारको जम्मा लागत रु. ................................ बराबरको सम्झौता गरी कार्यक्रम अगाडि बढाउने कार्यदिश पाउँ भनि आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु ।

दस्तखत :
फर्मको नाम :
ठेगाना :
सम्पर्क नं. :
संस्थाको छाप :

**राजपत्रमा प्रकाशित मितिः २०८२।०८।०२**

**आज्ञाले,**

**कपिल पाण्डे**

**प्रमुख प्रशासकीय अधिकृत**